सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५२ | गान्तोक, (मङ्गलबार) २२ जनवरी, २०१९ | अङ्क २


## दुई दिवसीय सिक्किम जैविक दिवसको समापन



**गान्तोक।**
मनन् भवनमा आयोजन दुई दिवसीय सिक्किम जैविक दिवस तथा कृषि उन्नती मेलाको १९ जनवरीका दिन समापन भयो। समापन समारोहमा राज्यपाल गंगा प्रसाद मुख्य अतिथि रहेका थिए।

कार्यक्रममा कृषि मन्त्री सोमनाथ पौड्याल, सचिव खोर्लो भोटिया, सिक्किम जैविक अभियानका मुख्य कार्यकारी अधिकारी डा. एस अनबालागन लगायत अन्यको उपस्थिति थियो। खाद्य सुरक्षा एवं कृषि विकास विभाग, बागवानी एवं नगदेबाली विकास विभाग तथा आइसीएआर-को संयुक्त तत्वावधानमा आयोजित दुई दिवसीय कार्यक्रममा कृषि तथा ग्रामीण विकासका लागि राष्ट्रिय ब्याङ्क (एनएबीएआरडी, आइसीएआर-आरसीएनईएच अनुसन्धान परिसर उत्तरपूर्वी पहाडी क्षेत्र र आइसीएआर-एटीएआरआइ आदिले सहयोग पुर्याधएका थिए।

राज्यपाल प्रसादले आफ्नो सम्बोधनमा सबै अतिथिगणलाई स्वागत जनाउँदै वर्ष २००३-मा सिक्किमको सबै कृषियोग्य जमीनलाई जैविक बनाउन ऐतिहासिक घोषणा गर्ने राज्य विधानसभामा पारित गरेको प्रस्तावमाथि प्रकाश पारे। जैविक कृषिमा बढ्दो कृषकहरूको सहभागिताको निम्ति उनले सन्तुष्टि व्यक्त गरे।

उनले भर्मिकम्पोस्ट, ईएम कम्पोस्ट, बायोडाइनामिक कम्पोस्ट आदिको महत्वका साथै कृषि मेलाको माध्यमबाट सबै गाउँमा व्यापक जागरूकता प्रशिक्षणको आयोजना गरिनुपर्ने कुरामाथि जोर दिए। उनले कौशलमूखि शिक्षाको महत्वमाथि जोर दिँदै कृषि आधारित व्यवसायको दिशामा विद्यार्थीहरूलाई प्रेरित गर्नका लागि रहेको शैक्षिक संस्थानहरूको भूमिकामाथि प्रकाश पारे।

कृषि विभाग सचिव खोर्लो भोटियाले देशका प्रधानमन्त्री नरेन्द्र मोदीले सिक्किमलाई जैविक राज्य घोषणा गरेपछि मुख्यमन्त्री पवन चामलिङले प्रत्येक वर्ष १८ जनवरीलाई जैविक दिवसको रूपमा पालन गर्ने छ भनी गरेको घोषणाबारे अवगत गराए।

## मुख्यमन्त्रीद्वारा मगन जिल्ला अस्पतालमा दुईवटा स्वास्थ्य पूर्वाधारको उद्घाटन



**मगन।**
मुख्यमन्त्रीले २० जनवरीका दिन मगन जिल्ला अस्पतालमा ट्रौमा केन्द्र अनि नवनिर्मित क्षयरोग हेरचाह एकाइ गरी दुईवटा स्वास्थ्य पूर्वाधारको उद्घाटन गर्नुभयो।

तीन तले क्षयरोग हेरचाह एकाइमामा ५०-वटा पलङ्गसहित भिन्नै बाल चिकित्सा वार्ड, पुरूष अनि महिला वार्ड, एक्स रे, प्रसूति गृह, नर्स स्टेशन, चिकित्सक विश्रम कक्ष, प्रयोगशाला आदि सामेल छन्।

यसरी नै ट्रौमा केन्द्रमा आपातकालीन कक्ष, मुख्य शल्यक्रिया केन्द्र, सामान्य शल्यक्रिया केन्द्र, आईसीयू, चिकित्सक जाँच कक्ष, नर्स स्टेशन आदि रहेको जानकारीछ।

मुख्यमन्त्रीले उक्त दिन मगनमा कोल्ड स्टोरेज र कृषकका लागि जैविक बजारको पनि उद्घाटन गर्नुभयो। कोल्ड स्टोरेजमा १५ टन साग सब्जी राख्न सकिने सुविधा रहेको बताइएको छ।

यो पूर्वाधार उत्तर सिक्किमका जैविक उत्पादकहरू र स्वयं सहायता समूहहरूलाई ध्यानमा राखेर तयार गरिएको हो। उद्घाटनपछि मुख्यमन्त्रीले बजारको भ्रमण पनि गर्नुभयो।

२५ लाख रूपियाँको लागतमा निर्माण गरिएको पूर्वाधारबारे बोल्नुहुँदै मुख्यमन्त्रीले उत्तर सिक्किमका कृषकहरूसित दूध, साग सब्जी र फलहरूको अतिरिक्त उत्पादन गरेर गान्तोकको माग पूरा गर्न अग्रह गर्नुभयो। मुख्यमन्त्रीले १०० पलङको क्षमता भएको उत्तर जिल्ला अस्पतालको गुणस्तरीय कार्यमा सम्झौता गरिनुहुनेछैन भनी निर्देश दिनुभएको छ।

सो अवसरमा मुख्यमन्त्रीसहित स्वास्थ्य विभाग मन्त्री अर्जुन कुमार घतानी, राज्यसभा सांसद हिस्से लाचुङपा, विधान सभा उपाध्यक्ष सोनाम ग्याछो लेप्चा, वन विभाग मन्त्री छिरिङ वाङदी लेप्चा, विधायक उगेन नेडुप भोटिया आदि उपस्थितको उपस्थिति थियो।

## जनतालाई विभिन्न सहूलियत उपलब्ध गर्नका साथै दुईवटा जिल्लाको जनतामेला पूरा







**गान्तोक।**
वर्ष २०१८-१९ का लागि पूर्व जिल्लाबाट शुरू भएको सिक्किम सरकारको लोकप्रिय जनता मेला अथवा ग्राम स्वराज अभियान दुई जिल्लाका निम्ति पूरा भएको छ। यस अभियानअन्तर्गत १६ जनवरीदेखि गान्तोको पाल्जर स्टेडियमबाट शुरू भएको कार्यक्रम १७ जनवरीका दिन यसै जिल्लाको रोडाथाङमा सम्पन्न भयो भने २० जनवरीका दिन उत्तर जिल्लाका लागि मगन सार्वजनिक खेल मैदानमा सम्बन्न भयो। यी कार्यक्रमहरूमा मुख्यमन्त्री पवन चामलिङ मुख्य अतिथि रहनुभएको थियो। प्रत्येक दिनको कार्यक्रममा सम्बन्धित स्थानका जनतालाई लाभार्थीहरूलाई विभिन्न सहुलियत वितरण गरियो।

राज्य सरकारको अद्वितीय प्रयासमा वर्ष २००८-मा शुरू गरिएकको ग्राम स्वराज मेला जनता मेलाको नामले प्रख्यात छ। मुख्यमन्त्री पवन चामलिङ स्वयंको कल्पना अनि अवधारणाअनुरूप शुरू गरिएको सार्वजनिक पहुँच कार्यक्रमको उद्देश्य कल्याणकारी योजना तथा सहुलियत लाभार्थीहरूमाझ वितरणका लागि निर्धारण गरिएको कुरा सुनिश्चित गर्नु हो। यी सुविधाहरू मुख्यमन्त्री स्वयंले सार्वजनिक कार्यक्रमहरूमा वितरण गर्नुहुन्छ। निम्न आर्थिक अवस्थाबाट मानिसहरूको सामाजिक-आर्थिक स्तरलाई माथि उठाउनु कार्यक्रमको उद्देश्य हो। नगद राशि तथा अन्य लाभको वितरण बाहेक मानिसहरूमाझ सरकारका जनमैत्री नीति तथा कार्यक्रमको बारेमा अवगत गराउनु पनि जनता मेलाको मूल उद्देश्य हो। यो कार्यक्रम ग्रामीण जनताका निम्ति मुख्यमन्त्रीसित सोझै अन्तरक्रिया गरेर आफ्ना माग र सिकायतहरू उहाँ समक्ष राख्ने एउटा अवसर हो। नोडल विभाग पनि रहेको ग्रामीण प्रबन्धन विकास

रहल पृष्ठ २ मा...

## ईभीएम र भीभीपीएटी-माथि प्रशिक्षण सम्पन्न

**नाम्ची।**
आगामी आम चुनाउको समयमा प्रयोग गरिने इलेक्ट्रोनिक भोटिङ मसिन (ईभीएम) र भोटर्स भेरिफिकेशन पेपर अडिट ट्रायल (भीभीपीएटी)-माथि सचेतनामूलक कार्यक्रम आयोजन गरियो। १४ जनवरीका दिन सम्पन्न कार्यक्रम व्यवस्थित मतदाता शिक्षा तथा चुनावी सहभागिता (एसभीईईपी) कार्यक्रमको एक भाग हो। यो कार्यक्रम नाम्ची जिल्ला प्रशासनिक केन्द्रमा सम्पन्न भयो।

प्रशिक्षणअवधि वरिष्ठ नागरिक तथा पहिलोपल्ट मतदान गर्ने युवा मतदाताहरूले उत्साहपूर्वक भाग लिएका थिए। जिल्ला प्रशासनिक केन्द्र तथा दक्षिण जिल्ला चुनाउ प्रकोष्ठद्वारा आयोजित कार्यक्रममा यस भन्दा अधिक आम नागरिकले उपस्थिति जनाउँदै आगामी चुनाउका लागि भीभीपीएटी मसिन प्रयोग गरिने भएकोमा खुशी व्यक्त गरेका छन्।

## पोसाकेमा सडकको निर्माण कार्य शुरू

**रिनाक।**
छुजाचेन उच्चत्तर माध्यमिक विज्यालयको केही नजीगमा रहेको पोसाके गाउँमा जाने साढे ३ किलोमिटर दूरी रहेको नयाँ सडक निर्माणको निम्ति भूमि पूजा अनि शिलान्यास राखिने कार्यक्रम सम्पन्न गरियो। रोलेप लामातेन पीडब्ल्युडी सडकदेखि यो सडक खन्न शुरू भएको छ। क्षेत्र विधायक विक्रम प्रधान, वार्ड पञ्चायत आशा गजमेरसहित छुजाचेन जिल्ला तथा अन्य ग्राम पञ्चायतगणको उपस्थितिमा भूमि पूजन गरिने कार्य गरियो। छुजाचेन ग्राम पञ्चायत एकाइको पोसाके वार्डमा यस प्रकारको नयाँ सडक निर्माणले पोसकेका आम जनतालाई धेरै सुविधा पुग्नेछ।

सडक निर्माण शुरू भएकोमा पोसाकेवासी हर्षित हुँदै सिक्किम सरकार, क्षेत्र विधायक, वार्ड पञ्चायतसहित विभागप्रति कृतज्ञता प्रकट गरेका छन्।

## ग्रिन पार्कमा योग सम्पन्न

**जोरथाङ।**
जोरथाङ माघे संक्रान्ति मेला २०१९-को एक भागको रूपमा जोरथाङस्थित ग्रिन पार्कमा योग सम्पन्न भयो। योग गुरू थुकचुक लाचुङपाले यस अवसरहमा योगका विभिन्न आसनको प्रदर्शन गर्नुभयो।

यसअवसरमा नयाँ बजार-जोरथाङ नगर परिषद्का चियरमेन टिका गुरूङसाथै माघे मेला आयोजक समितिका अध्यक्ष तथा जोरथाङका महकुमा धिकारी छिरिङ भोटिया, सचिव जिम्मे नामग्याल, वरिष्ठ नागरिक तथा आम नागरिकको बाक्लो उपस्थिति रहेको थियो। लगभग दुई सय प्रतिभागीहरूले सहभागिता जनाएको योगमा पश्चिकम जिल्लाको रामिधाम प्राथमिक विद्यालयका विद्यार्थीहरूले विभिन्न कौशल तथा योग आसनहरू प्रस्तुत गरे।

## शितकालिन वुसु प्रशिक्षण शिविरको समापन

**सिङताम।**
सिरवानी विद्यालय परिसरमा गत २ जनवरीदेखि शुरू भएको शितकालिन कोचिङ वुसु शिविरको १५ जनवरीका दिन समापन भयो। खाम्दोङ सिङ्ताम क्षेत्र विधायक एवम् मन्त्री सोमनाथ पौड्याल समापन समारोहमा मुख्य अतिथि हुनुहुन्थ्यो भने विशिष्ट अतिथिहरूमा पञ्चायत सभापति भीममाया दर्नाल, सिङ्ताम थानाका एसआई सोनाम भोटिया लगायत अन्यान्यको उपस्थिति थियो।

पूर्व पञ्चायत नन्दलाल सुब्बाद्वारा सञ्चालित कार्यक्रममा प्रशिक्षक एरोन गुरुङको विशेष निर्देशनमा प्रशिक्षणार्थी नानीहरूले शिविरअवधि सिकेका कलाहरूको प्रदर्शन गरे। सिक्किम एमेच्युर वुसु एसोसिएशन गान्तोकद्वारा आयोजित यस कार्यक्रममा मन्त्री सोमनाथ पौड्याल, रोडोडेन्ड्रम क्लब सिरवानी अनि सिरवानी विद्यालयलाई आयोजक समितिको तर्फबाट स्मृति चिन्ह प्रदान गरियो भने चारै जिल्लाबाट शिविरमा प्रशिक्षा लिन उपस्थिभएका ५४-जना प्रशिक्षणार्थीहरूलाई मुख्य अतिथिको बाहुलीबाट प्रमाण पत्र वितरण गरियो।

समारोहमा सम्बोधन राख्दै मुख्य अतिथि मन्त्री पौड्यालले आयोजक समितिले हाम्रा भावी-पिँढीलाई तयार पार्न अनि भविष्यमा नानीहरूको स्वास्थ्यमाथि ध्यानमा राखेर उनीहरूलाई साँचो, स्वास्थ्य नागरिक बनाउने गरेको कामको सराहना गर्नुभयो। शिविरमा सहभागिता जनाउने प्रशिक्षणार्थीहरूबाट उत्कृष्टलाई चयनित गरेर बाहिर लैजाने कुराको सराहना गर्नुहुँदै मन्त्री पौड्यालले यसका निम्ति आफ्नोतर्फबाट हुनसक्ने सहयोग उपलब्ध गर्ने वचन दिनुभयो। यी युवाहरू भोलिका कर्णधारहरू हुन् भन्नुहुँदै उनीहरूलाई शिक्षा, स्वास्थ्य, खेलकूद आदिको क्षेत्रमा प्रोत्साहित गर्नुपर्छ भनी उहाँले बताउनुभयो। मन्त्रीले भन्नुभयो, नानीहरूलाई राम्रो शिक्षा र राम्रो संस्कार दिनु नितान्त आवश्यक छ।

नानीहरूलाई गलत दिशामा जानबाट रोकेर उचित मार्गमा अघि बढाएर जिम्मेवार नागरिक बनाउने हाम्रो निम्ति ठूलो जिम्मेवारी छ, मन्त्रीले भन्नुभयो। वर्तमान सरकारले पनि नानीहरूको उज्वल भविष्य बनाउने उद्देश्यले खेलकूद, शिक्षा अनि विभिन्न क्षेत्रमा काम गरिरहेको पनि मन्त्री पौड्यालले अवगत गराउनुभयो।

यस शिविरबाट चयनित ८-जना ठिटा अनि ८-जना ठिटीहरू गरी १६-जनालाई पञ्जाबमा हुने राष्ट्रिय च्याम्पियनशीप खेलमा अंशग्रहण गराउने जानकारी प्रशिक्षक एरोन गुरुङले दिनुभएको छ।

## रेड पाण्डा कार्निवलको दोस्रो दिन विविध कार्यक्रमको प्रस्तुति

**गान्तोक।**
गान्तोकस्थित एमजी मार्गमा सम्पन्न तीन दिवसीय सिक्किम रेड पाण्डा विन्टर कार्निवल २०१९-को दोस्रो दिन वन, पर्यावरण एवम् वन्यप्राणी प्रबन्धन मन्त्री छिरिङ वाङ्दी लेप्चा मुख्य अतिथि हुनुहुन्थ्यो।

सरस्वती वन्दनाको धुनमा इमानसी गुरुङको क्लासिक नृत्य प्रस्तुतिका साथै शुरू भएको कार्यक्रममा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटीए)-का सूचना तथा सांस्कृतिक मामिला विभागका निर्देशक बीके घिषिङ विशिष्ट अतिथि रहनुभएको थियो।

निर्देशक घिषिङलाई राज्य पशु रेड पाण्डा रहेको कार्निवलको आधिकारिक लोगोको सानो प्रतिरूप अनि प्रशंसा पत्र प्रदान गरेर सम्मान जनाइयो। तीन दिवसीय यस कार्निवलमा जीटीए-बाट उपस्थित कलाकारलाई सम्मान अनि प्रशंसास्वरूप यो चिनो प्रदान गरिएको हो।

यहाँ उल्लेख गर्न योग्य कुरा के छ भने, यस वर्षको कार्निवलमा उपस्थित हुने अतिथि कलाकारहरूमा जीटीए, कालेबुङ अनि छिमेकी राष्ट्र नेपाल र भुटानबाट रहेका थिए।

सांस्कृतिक प्रस्तुति बाहेक उनीहरूले एमजी मार्गमा आफ्नो संस्कृति, परम्परा, हथकर्घा तथा हस्तशील्पका सामग्रीहरूको प्रदर्शनिका निम्ति स्टल पनि लगाइएको थियो।

कार्यक्रमको उद्घाटनको अवसरमा नेपालका कलाकारहरूले नेवारी नृत्य, जीटीए-का कलाकारहरूले सोरते नृत्य, पश्चिम सिक्किमको पेलिङ हिमाली अकादमीका कलाकारहरूले अर्ध मारुनी नृत्य तथा गान्तोकको ढ्रिङ्स अफ टिबेटका कलाकारहरूले माने सङ नृत्य प्रस्तुत गरेका थिए।

## सडक सुरक्षा सप्ताह कार्यक्रम

**रम्फू।**
गोदरेज कन्ज्युमर प्रोडक्सन लिमिटेड मामरिङ दक्षिण सिक्किमले प्रत्येक वर्ष झै यस पालि पनि सडक सुरक्षा सप्ताहको अवसरमा रम्फूको मुख्य बजारमा सेफ ड्राइभमाथि जागरूकता कार्यक्रम आयोजना गर्योक।

१५ जनवरीका दिन सम्पन्न कार्यक्रममा कम्पनीका अधिकारी, कर्मचारी, पारिवारिक सदस्यहरूद्वारा रम्फू पुलिस र ट्राफिक पुलिसको सहयोगमा रम्फूका चालकहरूसहित राष्ट्रिय राजमार्ग १०-मा गुडीरहेका वाहन चालकहरूलाई सेफ ड्राइभ विषय जानकारी गराउनुभयो। कम्पनीका कर्मचारी र अधिकारीहरूलाई पनि यसबारे जानकारी गराइयो।

## जनतालाई विभिन्न सहूलियत उपलब्ध गर्नका साथै दुईवटा.........

विभागले यो कार्यक्रम सिक्किम सरकारसितको समन्वयनमा आयोजन गर्दछ।

पाल्जर स्टेडियमबाट जनता मेलाको कार्यक्रमलाई आधिकारिक रूपमा उद्घाटन गरेपश्चात मुख्यमन्त्री पवन चामलिङले यस जिल्लाको विभिन्न भागका लाभार्थीहरूलाई नगद राशि र अन्य कुराको अनुदान अथवा लाभको टोकन प्रदान गर्नुभयो। सोअवसरमा विजुलीबाट चल्ने राइस कुकर, पानीको फिल्टर, कुडा दानी, ध्वनी प्रसारण यन्त्र, सामाजिक सेवा भत्ता, धार्मिक कुरा किन्नका लागि आर्थिक सहायता, जोत्न अनि प्रजनन्का लागि गोरू, दुहुने गाई, दिव्याङ्गीजनहरूलाई व्यापार उद्यम शुरू गर्नका लागि आर्थिक सहयोग, मुख्यमन्त्री स्टार्टअप योजनाअन्तर्गत प्रोत्साहन राशि, मुख्यमन्त्री ग्रामीण आवास योजना भाग दुईअन्तर्गत आवास आवन्टनको प्रमाणपत्र, जीसीआइ सीट्स, घर मरम्मतको अनुदान, एलपीजी, इन्डक्सन स्टोभ, कराई र फ्राइङ पेन, बफेट सेट, टर्च लाइट, लुगा सिलाउने मसिन, फोटोकपी मसिन, तम्बु, प्रेसर कुकर, डेक्सटप कम्प्यूटर, ल्यापटप, पावर ट्रिलर, ५०,००० लिटरको जीईएनईपी ट्याङ्की, १०,००० लिटरको आरसीसी ट्याङ्की, विद्यार्थीहरूलाई पोस्ट मेट्रिक छात्रवृत्ति योजना, मुख्यमन्त्री मेधावी छात्रवृत्ति योजना, हजार लिटरको एचडीपीई ट्याङ्की, पोलि पाइप, फ्लेक्सीबल-नाइलन पाइप तथा फेब्रिकेटेड ग्रीन हाउस आदि मुख्यमन्त्रीद्वारा वितरण गरियो।

यसैगरी पशुपालन विभागअन्तर्गत भैसी, कुखुरा र सुँगुरका पाठा वितरण गरियो भने प्राउड मदर योजनाका लाभार्थीहरूलाई प्रोत्साहन राशिको टोकन, धर्म विभागअन्तर्गतका धार्मिक संस्थानहरूलाई सहायता अनुदान अनि राज्य ग्रामीण जीविकोपार्जन अभियानअन्तर्गत सामुदायिक लगानिका लागि प्रोत्साहन राशि प्रदान गरियो।

यस वर्ष सुकुमबासीहरूलाई ल्याण्ड ब्याङ्क योजनाअन्तर्गत योग्य लाभार्थीहरूलाई आवन्टन आदेश वितरण गर्ने महत्वपूर्ण कार्यक्रम थपिएको छ। यो कल्याणकारी योजना हालै लिइएको सरकारको निर्णय हो अनि जसअन्तर्गत उपलब्ध सरकारी जमीन सुकुमबासीहरूलाई आवन्टन गरिन्छ।

यस योजनाअन्तर्गत केहि लाभार्थीहरूलाई मुख्यमन्त्रीले अभियानअन्तर्गत प्रत्येक कार्यक्रममा आवन्टन आदेशको टोकन हस्तान्तरण गर्दै आउनुभएको छ। चारै जिल्ला गरी पहिलो चरणमा १०० भन्दा अधिकलाई जनता मेलाको अवसरमा आवन्टन आदेश वितरण गरिनेछ। यस योजनालाई कार्यान्वयन गर्नका लागि भू-राजस्व तथा आपदा प्रबन्धन विभाग नोडल अधिकारी रहेको छ।

उक्तअवसरमा मुख्यमन्त्रीद्वारा आठवटा फोहोर संकलन अनि निप्टान वाहनका लागि टोकन प्रदान गरियो। कार्यक्रममा मुख्यमन्त्रीले पूर्व जिल्लापाल कार्यालयको वेबसाइट पनि लोकार्पण गरे।

जनता मेलाको अवसरमा चारै जिल्लामा हुने कार्यक्रमको अवसरमा वितरण गरिने केही लाभ, अनुदान र कल्याणकारी योजनाहरूमा ३००० लाभार्थीहरूलाई मुख्यमन्त्री ग्रामीण आवास योजना (सीएमआरएचएम) दोस्रो चरणको आवन्टन आदेश, ३२००० लाभार्थीलाई घर मरम्मतको अनुदान, ६४०० लाभार्थीलाई एलपीजी, ५००० स्वयं सहायता समूह (एसएचजी)-लाई ल्यापटप, १४७५ लाभार्थीलाई ल्याण्ड ब्याङ्क योजनाको आवन्टन आदेश आदि रहेका छन्।

विभिन्न लाभ वितरण गरेपछि कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री पवन चामलिङले भन्नुभयो, सरकारले विगत २४ वर्षमा गरेका सबै वादाहरू पूरा गर्नका साथै निर्धारण गरिएका सबै योजना र कार्यक्रमहरू कार्यान्वयन गरेको छ।

यस जनता मेलामा चालीस प्रकारका विभिन्न लाभ वितरण गरिने जानकारी गराउनुहुँदै मुख्यमन्त्रीले भन्नुभयो, यस अवधि १,४२,९८८ लाभार्थीहरूलाई समेटिने सुविधा एक हजार करोड रुपियाँको रहेको छ। उहाँले सबै विभागका अधिकारीहरूलाई सबै लाभहरू कार्यक्रम स्थलबाट कार्यक्रम समापन हुँदासम्ममा वितरण गरिनुपर्ने निर्देश दिनुभएको छ।

उहाँले अघि भन्नुभयो, सरकारले पिउने पानी अनि विजुली जस्ता मूलभूत सुविधाहरू निःशुल्क अथवा अधिक छुट दरमा उपलब्ध गर्ने कुराको सुनिश्चित गरेको छ। जस्तै, चामल निःशुल्क उपलब्ध गराइँदैछ। सिक्किमेका सबै मूलभूत आवश्यकताहरू पूरा गरिसकिएको छ। सिक्किमका मानिसहरूको जीवनशैलीमा धेरै सुधार आएको छ, उहाँले भन्नुभयो।

उहाँले मानिसहरूलाई स्वनिर्भर बनाउने उद्देश्यले यी लाभ अनि अनुदानहरू दिइँदैछ भन्दै यी सुविधालाई आफ्नो जीविका बढाउनमा प्रयोग गर्न आग्रह गर्नुभयो।

राज्य सरकारद्वारा कार्यान्वयन गरिएका सबै कल्याणकारी योजनाको बारेमा मुख्यमन्त्रीले विस्तारपूर्वक बताउनुभयो। सरकारद्वारा पहल गरिएको कृषि भत्ता योजनाको बारेमा कुरा गर्नुहुँदै मुख्यमन्त्रीले भन्नुभयो, प्रत्येक परिवार अनि समाजलाई खाद्यान्न अनि साग-सब्जी उपलब्ध गराउनका लागि परिश्रम गर्ने कृषकहरूको सम्मानमा शुरू गरिएको एउटा पहल हो।

हाम्रो सरकारले प्रजातन्त्रको चौथो स्तम्भ अनि समाजमा ठूलो भूमिका भएका पत्रकारहरूको सम्मानमा भत्ता योजना शुरू गरेको छ। सरकारको निःशुल्क स्वास्थ्य योजनाको बारेमा कुरा गर्नुहुँदै उहाँले सोचेकगाङमा नयाँ अस्पताल सञ्चालनमा आउनासाथै उपलब्ध गराइने केही सुविधाहरूको बारेमा प्रकाश पार्नुभयो। यस अस्पतालबाट सबै प्रकारका रोगको जाँच अनि उपचार गरिने तथा राज्यवासीले उपचारका निम्ति सिक्किम बाहिर जानुपर्नेछैन भनी बताउनुभयो।

मुख्यमन्त्रीले शिक्षाको क्षेत्रमा रहेका राज्यका विभिन्न गतिविधिहरूमाथि पनि प्रकाश पार्नुभयो। उहाँले भन्नुभयो, सर्वाधिक साक्षर भएको राज्य बनेर सिक्किमले इतिहास कायम गरेको छ।

उहाँले अघि भन्नुभयो, आगामी वर्षमा सिक्किमका सडक मार्गहरूलाई बढोत्तरी गरेर विश्व श्रेणीका बनाइनेछ। आगामी दिनमा सरकारले सुरूङ सडक मार्गको निर्माण गर्ने कुराको पनि मुख्यमन्त्रीले यस अवसरमा जानकारी गराउनुभयो।

यस्तैप्रकारले सरकारले गान्तोकका साथै जिल्ला अनि महकुमा स्तरका शहरहरूमा जमीनमुनि बजार निर्माण गर्नेछ जसका लागि प्रारम्भिक स्तरको काम शुरू भइसकेको छ, उगाँले भन्नुभयो।

मतदानको सूचिमा नाम दर्ता भएका सबैलाई प्राथमिकताको आधारमा राज्यमा सञ्चालित सबै नीजि क्षेत्रहरूमा नोकरी दिइनेछ, मुख्यमन्त्री चामलिङले भन्नुभयो।

जैविक कृषिको बारेमा बोल्नुहुँदै मुख्यमन्त्रीले राज्य सरकारद्वारा सिर्जित सक्षम वातावरणको भरपूर लाभ उठाउन आग्रह गर्नुभयो। उहाँले मानिसहरूसित आफ्नो उत्पादन क्षमतालाई बढाएर खाद्यान्न साथै साग-सब्जी उत्पादनमा स्वनिर्भर बन्न आग्रह गर्नुभयो।

यसअवसरमा मुख्यमन्त्रीले बुमछु, तीज, भुजेल समुदायको मुङशिर पूर्णीमा अनि मुखिया समुदायको सान्दरपिडा उत्सवलाई सरकारी विदा गरिने घोषणा गर्नुभएको छ।

# 'चिया कविता'-मा शहीद जीवन गुरुङलाई सम्झाना गरियो

**गान्तोक।**
१५ जनवरीको दिन चिया कविताको मासिक कार्यक्रम मंगलबार गान्तोकको रचना बुक्समा सम्पन्न भयो। समालोचक तथा प्रगतिवादी चिन्तक रूपेश शर्माको पर्यवेक्षणमा आयोजित चिया कविताको यो प्रकरणमा चर्चित कविता वाचक सुश्री रिया तामाङको विशेष कविता प्रस्तुति कार्यक्रमको आकर्षण रहेको थियो।

आजको कार्यक्रममा भर्खरै देशको सीमा रक्षाको निम्ति कश्मीरमा आतंकी हमलामा परि शहीद बनेका जीवन गुरुङलाई श्रद्धाञ्जली दिँदै एक मिनटको मौन धारण गरियो। यसपछि शहीद गुरुङलाई समर्पित गरेर कवि दिपा राईले मर्मस्पशी कविता वाचन गरिन्। शहीद जीवन गुरुङको बलिदानलाई सम्मान गर्दै शोकाकुल परिवारमा चिया कविताले समवेदना प्रकट गरेको छ।

अर्कोतिर, पर्यवेक्षीय मन्तव्य राख्दै रूपेश शर्माले भने, 'साहित्यलाई अझै सशक्त बनाउने मूल मुद्दा मान्छेको जीवन नै हो। मान्छेको जीवनको सुन्दर पक्षहरूलाई उत्वोधन गरेर, मान्छेको जीवनको सुन्दर पक्ष कसरी दबिएर बसेका छन् र त्यसको निम्ति उन्मुक्त उडानको आवश्यकता के छ, साहित्यले यसको निम्ति दायित्व निर्वाह गर्दछ। साहित्यले त्यो चेतना पनि दिँदछ र मानिसलाई मुक्तिको बाटो निर्धारित गर्न सिकाउँछ।'

उनले मान्छेलाई त्यही आदर्शको कारण संघर्ष गर्न र युद्ध लड्न प्रेरित गर्ने भएकोले साहित्यको भूमिका उच्च रहेको बताए। उच्चताकै कारणले साहित्यलाई अलौकिक दुनियाँबाट आएको र वाद विवादका सन्दर्भहरूमा अल्झाउने भन्दा पनि यसको सर्वोत्तम महत्वपूर्ण भूमिका के हो र हामीले त्यसको सारगत प्रस्तुति कसरी दिने तथा मानव जीवनको पुर्नसिर्जन कलामा कसरी गर्ने भन्ने कुरामा बडी महत्व राख्ने बताए। उनले पठित कविताहरूको पनि समीक्षा प्रस्तुत गरेका थिए।

यसैगरी, कार्यक्रममा नेपालको उन्मुक्त पुस्ताका सशक्त सर्जक मुक्तान थेबाको कविता कृति अखण्ड आलाप-बारे चिया चर्चा राखिएको थियो। उक्त चिया चर्चामा कविता कृतिबारे अर्जुन यावाले बलियो समीक्षा प्रस्तुत गर्दै कृतिको विषयमा व्याख्यान दिएका थिए।

संयोजक प्रवीण खालिङद्वारा सञ्चालित कार्यक्रममा कवि तथा गायक देवकुमार दुमी, अमर बानियाँ लोहोरो, जीविका अश्रु, राधा पाण्डे, दिपा राई, लुइस विष्ट, सागरमणि ढकाल, मिना सुब्बा, किरण गुरुङ, युवा बराल, रश्मी शर्मा, रत्ना सुब्बा, पासाङ नर्बु लामाले कविता, युग्मक र गजल सुनाएका थिए। अहिले सामाजिक सञ्जालमा भाइरल बनिसकेकी सुन्दर कविता वाचक सुश्री रिया तामाङले चारवटा प्रस्तुति दिइन् जसमा कवि रवि रोदन, पारिजात, सरिता तिवारी र माया एङ्ग्लोको नेपाली र अंग्रेजी कविता आवृत्ति गरेकी थिइन्।

# अनलाइन सहमतिको पञ्जीकरण र नवीनीकरणमाथि प्रशिक्षण सम्पन्न

**गान्तोक।**
सिक्किम राज्य प्रदुषण बोर्डद्वारा १७ जनवरीका दिन अनलाइन सहमतिको पञ्जीकरण अनि नवीनीकरणमाथि प्रशिक्षण आयोजन गरियो। सिक्किममा रहेका जल विद्युत परियोजना, दवाई कारखाना तथा अन्य उद्योग एकाइका प्रतिनिधिहरूसितको समन्वयनमा आयोजित प्रशिक्षण कार्यक्रम देउरालीस्थित वन पर्यावरण एवम् वन्यप्राणी प्रबन्धन विभागको सिध्योङ टुल्कु सम्मेलन कक्षमा सम्पन्न भयो।

बोर्डका सदस्य सचिव डा. गोपाल प्रधानको अध्यक्षतामा सम्पन्न सभामा राष्ट्रिय सूचना केन्द्र (एनआइसी)-का तक्नीकी निर्देशक डीके बस्नेत, वरिष्ठ वैज्ञानिक अधिकारी बीके छेत्री, सहायक पर्यावरणीय अभियन्ता रञ्जन राई तथा सहायक वैज्ञानिक अधिकारी श्रीमती केजेठ भोटियाको उपस्थिति थियो।

एनआइसी, गान्तोकको सहयोगमा सम्पन्न कार्यक्रमको उद्देश्य सरोकारवालाहरूलाई अनलाइन सहमतिको पञ्जीकरण र नवीनीकरणका लागि प्रदर्शन तथा प्रशिक्षण प्रदान गर्नु रहेको थियो। यसको सफ्टवेयरको विकास एनआइसी, दिल्लीले गरेको हो।

सदस्य सचिव डा. प्रधानले व्यापार कार्य सुधार योजनाअनुसार व्यापार गर्न सहजतामाथि केन्द्र सरकारले जारी गरेको निर्देशलाई अनुपालन गर्न आवश्यक अनलाइन सहमति प्रबन्धनमाथि प्रकाश पार्नुभयो। यसैगरी एनआइसी-का तक्नीकी निर्देशक बस्नेतले अनलाइन सहमति प्रबन्धन, निगरानी प्रणाली अनि यसको लाभको महत्वमाथि पावर पोइन्ट प्रस्तुतिकरणको माध्यमबाट विस्तृत रूपमा जानकारी गराउनुभयो।

कार्यक्रमको दोस्रो चरणमा सम्बन्धित विषयमाथि व्यवहारिक प्रशिक्षण दिइयो। सहायक कार्यक्रम सञ्चालक सुश्री रिमा छेत्रीले पावर पोइन्ट प्रस्तुतीकरण दिनुहुँदै अनलाइन सहमति प्रबन्धनमाखि प्रशिक्षण गराउनुभयो अनि अनलाइन प्रणालीको आक्रमकतामाथि प्रकाश पार्नुभयो। कार्यक्रममा सरोकारवालाहरूले सक्रिय रूपमा सहभागिता जनाएका थिए।

बोर्डले उपस्थित सबै प्रतिभागीहरूलाई यस वर्षदेखि अनलाइन सहमति प्रबन्धन प्रणालीको शुरूवात गरिने कुराको जानकारी गराएको छ। आइपरेको कुनै पनि समस्याको स्पष्टिकरणका लागि सिक्किम राज्य प्रदुषण बोर्डको कार्यालयमा आउन सबैसित आग्रह गरिएको छ।

## बासिलाखा-जगते गाउँलाई जोडने सडकको निर्माण कार्य शुरू

**पाकिम।**
बासिलाखा डाइरी गोलाइको जन कार्य विभागको सडक मार्गदेखि जगते गाउँको प्रधानमन्त्री ग्राम सडक योजनाअन्तर्गतको मार्गमा जोडिने सडकको निर्माण कार्य शुरू भएको छ। नामचेबुङ क्षेत्रमा पर्ने सडकको निर्माण कार्य शुरू भएको अवसरमा वार्ड पञ्चायत कृष्ण सुब्बा, ठेकादार सन्तोष राई, जमीनदाता कामी राई, अशोक राई तथा अन्य उपस्थित थिए।

यी दुई गाउँवासीले आफ्नो गाउँ पुग्नका लागि पाकिमबाट भएर २० किलोमिटरको यात्रा तय गर्नुपर्ने अवस्था थियो। अबउसो सडक मार्गको निर्माण कार्य पूरा भएपछि यहाँका मानिसहरूले कम समय अनि कम खर्चमा केवल ४०० मिटरको दुरी तय गर्नुपर्नेछ। यसका निम्ति गाउँवासीले राज्य सरकारप्रति कृतज्ञता व्यक्त गरेका छन्।

## विधानसभा अध्यक्षद्वारा नारी सहकारी समूहको उद्घाटन

**जोरथाङ।**
माघे संक्रान्तिको पावन अवसरमा १५ जनवरीका दिन सिक्किम विधानसभा अध्यक्ष तथा पोकलोक कामराङ क्षेत्र विधायक केएन राईले नन्दुगाउँमा सिक्किम प्रगतीशील नारी सहकारी समूहको उद्घाटन गर्नुभयो। दक्षिण जिल्लाको सहकारिता विभागअन्तर्गत पञ्जीकृत समूहलाई उत्तरपूर्वी ग्रामीण जीविकोपार्जन परियोजना (एनईआरएलपी)-ले बढावा दिइरहेछ। यहाँ उल्लेख गर्न योग्य कुरा के छ भने, पूर्णरूपमा महिलाहरूद्वारा चलाइरहेको यस समूहको लक्ष्य लुगा सिलाउने, जैविक उत्पादको बजार विपणन अनि महिलाहरूको जीवनलाई आत्मनिर्भर बनाउनका लागि अन्य विभिन्न सुविधामाथि प्रशिक्षण उपलब्ध गराएर रोजगारको सिर्जना गर्नु हो।

## माघे मेलामा शून्य फोहोर उत्सव पालन

**जोरथाङ।**
यस वर्ष जोरथाङ माघे संक्रान्ति मेलामा शून्य फोहोर उत्सव पालन गर्ने प्रयास गरियो। माघेमेला आयोजक समितिले राज्य ग्रामीण विकास संस्थान (एसआइआरडी)-अन्तर्गत सञ्चार तथा क्षमता विकास एकाइ एवम् सिक्किमको शून्य फोहोर समूहसित मिलेर शून्य फोहोर उत्सव पालन गर्ने जमर्को गरेको हो।

यहाँ छुट्टा छुट्टै रूपमा सडिने अनि नसडिने मैला हाल्ने कुटादानी राखिएको थियो। प्लास्टिक कार्टुन, बोत्तल, थर्मोकोल, पेपर अनि टेट्रा प्याक जस्ता मैला हाल्नका लागि अलग-अलग कुडादानीहरू राखिएको थियो। यी कुडादादानीहरू मुख्य मेला आयोजन स्थल जोरथाङ खेल मैदानमा राखिएको थियो।

# गरीब उत्थान भवनमा आरोग्य मेला सम्पन्न

**जोरथाङ।**
भारत सरकारको आयुष मन्त्रालयसितको समन्वयनमा राज्यको स्वास्थ्य विभाग अनि जोरथाङ माघे संक्रान्ति मेला आयोजक समितिद्वारा यहाँस्थित गरीब उत्थान भवनमा राज्य स्तरीय आरोग्य मेलाको आयोजन गरेको थियो। यसको उद्घाटन १५ जनवरी मेला शुरू भएको दिन सिक्किम विधानसभा अध्यक्ष केएन राईले गर्नुभएको थियो।

आरोग्य मेला आयोजन गरिनुको मुख्य उद्देश्य आयुष प्रणालीको कार्यक्षमता, लागत प्रभावशीलताका साथै आम बिरामीको रोकथाम अनि उपचारका लागि उपलब्ध औषधिय वनस्पतिको प्रयोग गर्नु हो जसको माध्यमबाट सबैले स्वास्थ्य लाभ प्राप्त गर्न सकुन्। यस वर्ष आयुष मेलामा औषधि, औषधीय उत्पाद र अध्ययनका सामग्रीका साथै निःशुल्क स्वास्थ्य जाँच अनि परामर्श प्रदान गरियो। यसअतिरिक्त, योग अनि परामर्शका विज्ञद्वारा युनानी, सिद्ध, आयुर्वेद अनि होमियोपेथिकमाथि जानकारी गराए।

# सर्वसाधारणको स्वास्थ्य जाँच सुविधा खातिर सीएटीसीएच आयोजित

**जोरथाङ।**
जोरथाङ माघे संक्रान्ति मेलामा यस वर्ष स्वस्थ सिक्किमका लागि मुख्यमन्त्री व्यापक वार्षिक अनि समग्र स्वास्थ्य जाँच (सीएटीसीएच)-अन्तर्गत रोगीहरूको निःशुल्क स्वास्थ्य जाँच पनि गरियो। यो शिविर जोरथाङस्थित गरीब उत्थान भवनमा आयोजन गरिएको थियो।

सर्वसाधारणलाई गुणस्तरीय स्वास्थ्य जाँचको सुविधा उपलब्ध गर्ने उद्देश्यले आयोजित शिविरमा नाम्ची जिल्ला अस्पताल साथै जोरथाङ सामुदायिक स्वास्थ्य केन्द्रका डाक्टर तथा तक्नीकीज्ञहरूले व्यापक मात्रामा उपस्थित रोगीहरूको जाँच गरे। आवश्यक जाँचपछि उच्च रक्तचाप र मधुमेहका रोगीहरूलाई निःशुल्क औषधि उपलब्ध गरियो। यस अवसरमा रोगीहरूलाई स्वास्थ्य कार्ड पनि वितरण गरियो।

# विभिन्न कार्यक्रमका साथ जोरथाङ मेला सम्पन्न

**जोरथाङ।**
सिक्किम विधानसभा अध्यक्ष केएन राईले १५ जनवकीका दिन उद्घाटन गर्नुभएको जोरथाङमा आयोजित राज्यस्तरीय माघे मेलाको समापन १७ जनवरीका दिन भयो। उहाँले सो अवसरमा आरोग्य मेला र सारस मेला २०१९-को पनि उद्घाटन गर्नुभएको थियो। उल्लेख्य, सारस मेलामा राज्यका ३ सय वटा स्वयं सहायत समूह (एसएचजी)-हरूले साथै विभिन्न राज्यका संस्थाहरूको सहभागिता रहेको थियो। सारस मेलामा १५० वटा स्टलहरू लगाइएको थियो। यसरी नै आरोग्य मेलामा तीन दिनसम्म निशुल्क स्वास्थ्य जाँच गरियो।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्य अतिथि राईले जोरथाङको मेला सिक्किमे समाजको धरोहर भइसकेको छ भनी बताउनुभयो। यसलाई संरक्षण र सम्बर्द्धन गर्ने जिम्मेवारी सरकारको मात्र नभएर सम्पूर्ण सिक्किमेली समाजको रहेको पनि उहाँले बताउनुभयो। मेलाबारे जानकारी गराउनुहुँदै मुख्य अतिथि राईले भन्नुभयो, उहिले धान नाँचदेखि शुरू भएको जोरथाङ माघे मेला अहिले एउटा उत्सवको रूपमा परिवर्तन भएको छ। सिक्किम देशको २८ वर्ष कान्छो राज्य हो तर पनि यस राज्यले अन्य राज्यलाई विकास र समृद्धिको दिशामा उछिन्दै यहाँ सुख, शान्ति र सुरक्षा स्थापित गर्न सफल बनेको बताउनुहुँदै राज्य नारी सशक्तिकरण, स्वच्छता, पर्यावरण, शिक्षा, स्वास्थ्य, गरिबी उन्मूलन जस्ता क्षेत्रहरूमा अघि रहेको पनि उहाँले बताउनुभयो। जैविक कृषि क्षेत्रमा सिक्किमले अन्तराष्ट्रिय स्तरमा नेतृत्व दिइरहेको छ, उहाँले भन्नुभयो।

माघे संक्रान्तिको विशेषतामाथि बोल्नुहुँदै मुख्य अतिथि राईले भन्नुभयो, माघे संक्रान्ति अर्थात मकर संक्रान्तिको आफ्नै विशेषता छ। धनुराशीबाट सरेर मकर राशीमा प्रवेश गरेपछि माघ महिना लाग्छ। अन्तिम शिशिर ऋतु पनि यसै दिनबाट शुरू हुन्छ अनि सूर्यले छ महिना दक्षिणको छोटो बाटो भएर उत्तरको लामो यात्रा आरम्भ गर्छ। यसै दिनदेखि दिन लमिन्छ अनि रात छोटिन्छ। यसरी सूर्यले मकर राशीमा प्रवेश गरेको माघ महिनाको पहिलो दिनलाई माघे संक्रान्ति अथवा मकर संक्रान्तिको रूपमा मनाउने परापूर्वकालदेखि चलन रहेको छ।

माघे संक्रान्तिको धार्मिक महत्वमाथि बोल्नुहुँदै उहाँले भन्नुभयो, यसको धार्मिक महत्वमात्र नभएर सामाजिक र वैज्ञानिक महत्व पनि छ। पहिला सूर्य, शिव, विष्णु आदि देवताहरूको पूजा गरि तुलसीको मठका छेउमा ब्राह्मणद्वारा नयाँ चामल-तील र घिउको हवन गरेर त्यसबाट निकालिएको तिलक घर घरमा लगाइ दिने चलन थियो। यसो गर्दा अकाल मृत्यु हुँदैन भन्ने विश्वासि थियो।

यसरी परापूर्वकालदेखि चलिआएको हाम्रो धार्मिक एवम् सामाजिक धारणा र मान्यताहरूबाट अनेक परम्परा र प्रथा बनेको छ। यसमा समयको परिवर्तनसित कति कुरा थपिन्छन् र कति मेटिन्छन्। तथापि हाम्रो संस्कृति एकदेखि अर्को पुस्तालाई बाटो देखाउँदै आफ्नो अस्तित्व बोकेर बाँची रहेकै छ। यसलाई बचाई राख्नु हामी सबैको कर्तव्य हो, उहाँले भन्नुभयो।

कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा आयोजक समितिका मुख्य संरक्षक एवम् मन्त्री एके घतानी तथा संरक्षक एवम् नयाँ बजार-जोरथाङ नगर परिषद् (एनजेएमसी) अध्यक्ष टिका गुरूङले पनि कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभयो।

रहल पृष्ठ ३ मा...

# गेजिङ जिल्ला अस्पतालले आईपीएचएस-को मानक पूरा गरेको छः विभाग

**गान्तोक।**
१८ जनवरीको दिन स्वास्थ्य विभागले सिक्किम प्रोग्रेसिभ युथ फोरम (एसपीवाइएफ)-ले २० जनवरीदेखि पश्चिम जिल्लाको गेजिङबाट गान्तोक चलो यात्रा शुरू गरेको विषयमा दिइएको बयान र विभागमाथि लगाइएको आरोपबारे स्पष्टीकरण दिएको छ। स्वास्थ्य विभागले १८ जनवरीका दिन पत्रकार सम्मेलन गर्दै एसपीवाइएफ-ले विभागमाथि जुन आरोपहरू लगाएको छ ती आरोपहरू अस्पष्ट छन्।

जहाँसम्म भारतीय सार्वजनिक स्वास्थ्य मानक (आइपीएचएस)-को कुरा छ त्यसलाई पश्चिम जिल्लाको जिल्ला अस्पताल गेजिङले पुरा गरेको छ अनि आइपीएचएस-को मानक भन्दा पनि अधिक जिल्ला अस्पताललाई विकसित र सुदृढीकरण गर्ने काम भएको छ। विभागका आयुक्त एवम् सचिव विशाल चौहानअनुसार गेजिङ जिल्ला अस्पतालले अहिलेको मितिसम्ममा धेरै सुधार गरिसकेको छ।

विशेषज्ञहरूको उपस्थिति देखि लिएर जेनरल ड्युटी मेडिकल अफिसर, स्टाफ नर्सहरू, चिकित्सा अधिकारीका साथै शल्यक्रिया मशिन तथा अन्य उपकरणहरू पनि जडान गरिसकिएको छ। सचिव चौहानअनुसार गत वर्षको सितम्बर महिनामा भारत सरकारको स्वास्थ्य एवम् परिवार कल्याण मन्त्रालयअन्तर्गत रहेको पूर्वोत्तर क्षेत्रीय संशाधन केन्द्र (आरआरसीएनई)-ले पनि पश्चिम जिल्ला अस्पतालको भ्रमण गरिसकेको छ।

यो भ्रमणपछि आरआरसीसी-ले आइपीएचएसको मार्गदर्शनअनुसार आवश्यक सेवालाई सुनिश्चित गरेको प्रतिवेदन पनि बुझाइसकेको छ। आरआरसीएनई-को प्रतिवेदनले जिल्लाका नागरिकहरूको जनसङ्ख्याअनुसार तथा आइपीएचएस-को मानक अनुसार आवश्यक सुविधा सुनिश्चित गरेको पनि दाबी गरेको छ। चौहानले भन्नुभयो, स्वास्थ्य विभागले विगतमा पनि धेरै पल्ट सिक्किम प्रोग्रेसिभ युथ फोरमलाई जिल्ला अस्पतालका सम्बन्धमा चर्चा गर्न निमन्त्रणा दिएको हो। यद्यपि, युथ फोरमले कहिले पनि विभागसित वार्ता गरेन। उहाँले युथ फोरमको आरोप अस्पष्ट भएको पनि बताउनुभयो।

यसरी नै सचिव चौहानले हाल गेजिङ जिल्ला अस्पतालमा १५ जना विशेषज्ञहरू भएको, ६ जना जीडीएमओ, ५ जना डेन्टल सर्जन, ४४ जना स्टाफ नर्स, सबै सातवटा पीएचसीहरूमा दुई दुई जना एमओ भएको पनि अवगत गराउनुभयो। यस अतिरिक्त एसटीएनएम अस्पताल गान्तोकबाट नियमित रूपमा अर्थोपेडिक, ईएनटी र नेत्र रोग विशेषज्ञ तथा पैथोलोजिस्टहरूले गेजिङ अस्पतालको हप्तामा एक पल्ट भ्रमण गर्ने गरेको पनि अवगत गराउनुभयो। यस अतिरिक्त पश्चिम जिल्लामा ८-वटा एम्बुलेन्सले सेवा दिइरहेको यसमा ७ वटा एम्बुलेन्स पीएचसी-हरूमा अनि दुईवटा जिल्ला अस्पतालमा छ। एम्बुलेन्स सेवाका लागि टोलफ्री सेवा १०२ र १०८ पनि सञ्चालनमा छ।

प्रसव कक्षका लागि जिल्लामा १३ वटा स्टेनलेसस्टिल डेलिभरी टेबल उपलब्ध छ, एउटा अल्ट्रा साउण्ड मशिन सञ्चालनमा छ। आइपीएचएस-को प्रावधानअनुसार ओपीडी, नेत्र चिकित्सा तथा ओटी उपकरणका सम्बन्धमा पनि ९० प्रतिशत सफलता प्राप्त भइसकेको छ। यसरी नै ल्याब मशिन र अन्य उपकरणका सम्बन्धमा पनि ९५ प्रतिशत उपलब्धतालाई सुनिश्चि त गरिएको छ भने ३ वटा डेन्टल चेयर सञ्चालनमा छ। हालैमा एक परिवार एक नोकरी अन्तर्गत ३९ जनालाई पनि गेजिङ अस्पताल पठाइएको छ।

पश्चिम जिल्लाका पीएचएससी-मा १६-जना मिड लेबल हैल्थ प्रोभाइडर उपलब्ध गराइएको छ। यसमा सोरेङ पीएचसी-कालागि ९-जना, देन्ताम पीएचसी-का लागि ६-जना अनि मङ्गलबारे पीएचसी-का लागि १-जना सामेल छन्।

विभागले एकजना रेडियोलजिस्ट डाक्टर र एकजना जेनेरल सर्जनलाई नियुक्ति गर्नका लागि विज्ञापन जारी गरिसकेको छ। यसमा कुनै स्थानीय उम्मेदवार भए विभागले तत्काल नियुक्ति गर्ने पनि सचिव चौहानले बताउनुभयो। यसरी नै सरकारले गेजिङ जिल्ला अस्पतालका लागि डायलसिस सेवा शुरू गर्नका लागि अनुमोदन गरिसकेको छ।

ब्लड ब्याङ्क युनिट पनि निर्माणाधीन अवस्थामा रहेको र जनवरी महिनाभित्र निर्माण पूरा हुने बताउनुभयो। यद्यपि, आपदकालिन सेवाका लागि विगत धेरै वर्षदेखि गेजिङ अस्पतालमा रक्त भण्डारण सुविधा उपलब्ध रहेको उहाँले बताउनुभयो। यसरी नै जिल्ला अस्पतालमा ट्रौमा केन्द्र पनि स्थापना गर्ने कार्य प्रगतिमा भएको तथा अन्य सुविधाहरूबारे उहाँले विस्तारमा बताउनुभयो। सचिव चौहानले भन्नुभयो, जिल्ला अस्पतालले प्रोग्रेसिभ युथ फोरमले भनेजस्तो आइपीएचएस-का मानकहरू सबै पूरा गरेको छ।

उहाँले अझ भन्नुभयो, प्रोग्रेसिभ युथ फोरमले जुन कुरा छैन त्यो स्पष्ट गर्नु पर्छ अनि त्यसलाई पूरा गर्न विभागले हरसम्भव प्रयास गर्नेछ। गेजिङ जिल्ला अस्पतालबाट राम्रो सेवा पाइरहेको कुरालाई अहिले क्षेत्रका नागरिकहरूले पनि स्वीकार गरिरहेका छन्।

यदि प्रोग्रेसिभ युथ फोरमले साच्चिनै जिल्ला र राज्यको स्वास्थ्य सुविधाका बारेमा सुधार गर्ने विषयहरू लिएर आउँछ भने स्वीकार छ तर स्पष्ट रूपमा आउनु पर्योस। पत्रकार सम्मेलनमा विभागका प्रधान निर्देशक डा. पेम्पा टी भोटिया र प्रधान निर्देशक डा. उत्तम प्रधान अनि डा. बिमल राईको पनि उपस्थिति रहेको थियो।

# स्वामी विवेकानन्दको जन्म जयन्तिको आयोजना

**नामथाङ।**
स्वामी विवेकानन्दको जन्म जयन्तिमा आयोजित युवा सप्ताह र दैनिक कार्यक्रमको १८ जनवरीका दिन समापन भयो। कार्यक्रमको आयोजना काब्रे माध्यिक विद्यालयमा गरिएको थियो। भारत सरकारको खेल तथा युवा मामिला मन्त्रालयअन्तर्गत नाम्चीको नेहरू युवा केन्द्रद्वारा आयोजित कार्यक्रममा काब्रेको सुनाखरी क्लबले सहयोग पुर्याएको थियो। भारत उत्कृष्टता पुरस्कारले सम्मानित सोमबहादुर राईको मुख्य आतिथ्यमा सम्पन्न कार्यक्रममा सूनाखरी क्लबका प्रतिनिधि तथा अन्यको उपस्थिति थियो।

१२ जनवरी स्वामी विवेकानन्दको जन्म दिनदेखि शुरू भएको कार्यक्रममा यस परिसरका युवा तथा विद्यार्थीहरूले सक्रिय रूपमा सहभागिता जनाएका थिए। सप्ताहव्यापी समारोहमा युवाहरूलाई जागरूक गराउने उद्देश्यले खेल, चित्रकला प्रतियोगिता, परामर्श सत्र आदि जस्ता कार्यक्रम आयोजन गरिएको थियो।

मुख्य अतिथि राईले आफ्नो सम्बोधनमा जीवन कौशलमाथि प्रतिभागीहरूलाई जानकारी गराउनुहुँदै यस अवधि आफूले जानकारी हासिल गरेका कुरालाई दैनिक जीवनमा व्यवहारिक रूपमा उतार्न आग्रह गर्नुभयो। विभिन्न प्रतियोगिताका विजयीहरूलाई पारितोषिक प्रदान गरियो।

# दिव्याङ्गीजनहरूको पहिचानका निम्ति शिविर आयोजित

**मगन।**
१९ जनवरीको दिन मगन जिल्ला अस्पतालमा दिव्याङ्गीजनहरूको पहिचान शिविर (पीडब्ल्यूडी) आयोजन गरियो। सामाजिक न्याय, सशक्तिकरण तथा कल्याण विभागका अधिकारीगण साथै एसटीएनएम अस्पतालका चिकित्सा विशेषज्ञहरूको निगरानीमा शिविर सम्पन्न भयो।

पीडब्ल्यूडी-को सुविधाका लागि भएको शिविरको समन्वयन अनि आयोजना उत्तरको जिल्ला प्रशासनद्वारा गरिएको थियो।

यस जिल्ला भरिका सयजना व्यक्तिहरूले शिविरको लाभ उठाए। योग्य लाभार्थीहरूलाई राज्य सरकारका विभिन्न भत्ता योजनाअन्तर्गत समावेश गरियो।

सोहीअवसरमा आयोजित व्यवस्थित मतदाता शिक्षा तथा चुनावी सहभागिता (एसडब्ल्यूईईपी) जागरूकता अभियानमा मानिसहरूलाई भोटर भ्यारिफाएबल पेपर अडिट ट्रायल (भीभीपीएटी) र यस मसिनबाट गरिने मतदानको प्रक्रियामाथि अवगत गराइयो। यस वर्ष हुने आम चुनाउमा भीभीपीएटी मशिन पहिलोपल्ट प्रयोग गर्न गइरहेको कारण जिल्ला चुनाउ विभागले आम नागरिकमाझ व्यापक सचेतना फैलाउने उद्देश्यले यस प्रकारका कार्यक्रम आयोजन गरिरहेछ। छुटेका पीडब्ल्यूडी मतदाताहरूलाई मतदाता सूचिमा समावेश गर्न चुनाउ विभागले फारम ६ संकलन गरिसकेको छ।

यस शिविरबाट अधिक रूपमा लाभ प्राप्त गरेका जिल्लावासीले अस्पतालका डाक्टर, विभागीय अधिकारी तथा जिल्ला प्रशासनद्वारा आयोजित कार्यक्रमको निम्ति कृतज्ञता व्यक्त गरेका छन्।

# महिला चालकहरूलाई महिला सशक्तिकरणको उदाहरणको रूपमा हेर्नुपर्छः मन्त्री भोटिया

**गान्तोक।**
उत्तर पूर्वी सरकारी चालक मञ्च (एनईजीडीएफ)-को तेस्रो सम्मेलन २० जनवरीका दिन राजधानीको चिन्तन भवनमा आयोजन भयो। सो अवसरमा पर्यटन एवम् नागरिक उड्डयन विभाग मन्त्री उगेन टी ग्याछो भोटिया मुख्य अतिथि हुनुहुन्थ्यो। सम्मेलनमा उत्तर पूर्वी राज्यहरूका प्रतिनिधिहरू तथा विभिन्न चालक संगठनका पदाधिकारीहरूको उपस्थिति थियो।

सम्मेलनलाई सम्बोधन गर्नेक्रममा मन्त्री भोटियाले उत्तर पूर्वी राज्यका प्रतिनिधिहरूलाई स्वागत जनाउनुहुँदै सिक्किमबाट उत्पादक अनि सकारात्मक सन्देश लिएर जानेछन् भन्ने आशा व्यक्त गर्नुभयो। उहाँले चालकहरू राज्यका अनुहार हुन् भनुहुँदै भनुभयो, राज्य भ्रमणमा आउने आगन्तुकहरूको सर्वप्रथम चालकहरूसित नै भेटघाट हुने। उहाँले चालकहरूको चाल चालन शरल हुनुपर्छ, सुरक्षित ढङ्गामा वाहन चलाउने योग्यता हुनुपर्छ र उनीहरूमा वाहनबारे तकनीकी जानकारी पनि हुनु आवश्यक छ भनी बताउनुभयो। उहाँले चालकहरूमा भेदभाव हुनु हुँदैन भन्नुहुँदै महिला चालकहरूलाई महिला सशक्तिकरणको उदाहारणको रूपमा हेरिनुपर्छ भनी बताउनुभयो।

उहाँले एक परिवार एक नोकरी योजना विश्वमै पहिलो कार्यक्रम रहेको बताउनुभयो।

उहाँले चालकहरूको मृत्यु भएको खण्डमा सरकारद्वारा अनुग्रह राशि स्वरूप पाँच लाख रूपियाँ प्रदान गर्ने योजनामाथि अवगत गराउनुभयो। अखिल सिक्किम सरकारी चालक संगठनलाई केवल सरकारी क्षेत्रमात्र नभएर निजी क्षेत्रतिर पनि ध्यान केन्द्रित गर्न मन्त्रीले अनुरोध गर्नुभएको छ।

# सरकारले नागरिकको सामान्य आवश्यकता पूरागर्दै आर्थिक स्तरमा सुधार गरेको छः मन्त्री घतानी

**जोरथाङ।**
११ जनवरीको दिन सामसिङ-पिपले अनि गेलिङ-बैगुने ग्राम पञ्चायत एकाइ (जीपीयू)-का दश परिवारलाई दशवटा दुहुना गाई वितरण गरियो। मन्त्री तथा जूम-सालघारी क्षेत्रका विधायक अर्जुन कुमार घतानीले प्रत्येक लाभार्थीलाई दुहुना गाईसहित बाछा, दुँदेरी, भिटामीन मिसित एक केजी मिनेरल तथा दुई झोला चारो प्रदान गर्नुभयो। दुई जीपीयू-का पाँच-पाँच जना लाभार्थीले यो लाभ प्राप्त गरिएको हो।

मन्त्रीले लाभार्थीहरूसित अन्तरक्रिया गर्नुहुँदै उनीहरूको जीविकोपार्जनका निम्ति प्रदान गरिएका दुहुना गाई र बाछाको पूर्णरूपमा हेरचाह गर्न अनुरोध गर्नुभयो। ग्रामीण जनताका सबै सामान्य आवश्यकता पूरा गरेर आर्थिक स्तरमा सुधार गर्ने दिशामा सरकार चिन्तित रहेको कुरा अवगत गराउनुहुँदै मन्त्रीले सरकारको लक्ष्य अनि कुशल नेतृत्वको निम्ति कृतज्ञ रहन सबैसित अनुरोध गर्नुभयो। उहाँले पशुपालन विभागका अधिकारीहरूसित यस जीपीयू र परिसरको अनुकूल मौसम अनि भौगोलिक स्थितिलाई मध्येनजर गरेर बाख्रा पालन कार्यक्रमका लागि योजना तयार गर्न आग्रह गर्नुभयो।

पश्चिम जिल्लाको पशुपालन तथा पशुचिकित्सा सेवा विभागका संयुक्त निर्देशक डा. एनएम सिन्नुरीले दुहुना गाईलाई उचित हेरचाह उपलब्ध गराउनका लागि आवश्यक तक्नीकी पक्षमाथि संक्षितमा अवगत गराउनुहुँदै विभागले एक वर्षसम्मका लागि उक्त दिन वितरण गरिएका गाईको बीमा गरिदिने कुराको जानकारी गराउनुभयो।

लाभार्थीहरूमा रामलाल शर्मा, जितकुमार राई, मोहन सिंह राई, प्रतिमान छेत्री, फुर्बा तामाङ, प्रिया राई, धनप्रसाद सार्की, जन्दवीर शर्मा, धनकुमार तामाङ र इन्द्र कुमार राई रहेका छन्।

यसअघि मन्त्रीले जोरथाङस्थित एमजी रोडमा आयोजित विशेष कार्यक्रमबीच आँखाका रोगीहरूलाई दुईसय जोडी चर्मा वितरण गर्नुभयो। यस स्थानमा गत वर्षको २६ दिसम्बरका दिन दृष्यम आइ केयर अनि सर्जिकल सेन्टरद्वारा आयोजित निःशुल्क आँखा जाँच शिविरको बारेमा बिरामीहरूसित अन्तरक्रिया गर्नुभयो।

सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 2500 Cps. 22 .01. 2019